जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ४८ पृष्ठः ४ | २०८३ जेठ २६ मंगलबार (Tuesday 09 June 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सिराहामा विवादपछि रास्वपाको जिल्ला अधिवेशन स्थगित



**मणिलाल विश्वकर्मा**

लहान, २५ जेठ। नेतृत्व चयनको विषयमा विवादसहित झडप भएपछि सत्तारुढ दल राष्ट्रिय स्वतन्त्र पार्टी सिरहाको जिल्ला अधिवेशन स्थगित भएको छ। सिरहाको धनगढीमाई नगरपालिका–१० जिरोमाइलमा आयोजित अधिवेशनस्थलमा विवाद र झडप हुन थालेसँगै पार्टीको केन्द्रीय निर्वाचन आयोगले जिल्ला अधिवेशनको निर्वाचन प्रकृया तत्कालका लागि स्थगन गर्न जिल्ला निर्वाचन संयोजकलाई पत्राचार गरेपछि मंगलबार बिहानसम्मका लागि स्थगन भएको हो।


पत्रमा अधिवेशनको वस्तुस्थितिलाई सहज बनाउन निवर्तमान जिल्ला सभापति हरिप्रसाद मैनाली, प्रतिनिधिसभा सदस्यहरु पुरुषोत्तम यादव, बब्लु गुप्ता र शिव यादवसँग भिडियो कल संवादपछि जिम्मेबार पदाधिकारीहरुको सहमति तथा प्रतिबद्धताबमोजिम स्थगित गरिएको उल्लेख छ। केन्द्रीय आयोगको पत्रअनुसार अधिवेशनको निर्वाचन प्रकृया मंगलबार बिहान ९ बजेदेखि पुनः संचालन हुने छ। स्थानीय बुद्ध महिला बचत तथा ऋण सहकारी संस्था परिसरमा आइतबार साँझदेखि शुरु भएको निर्वाचन प्रकृयामा जिल्ला सभापति पदमा निवर्तमान सभापति मैनालीसहित तीनजनाको उम्मेदबारी परेको र सिरहाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा सदस्यहरुले हस्तक्षेप गरेपछि विवाद झडपमा परिणत भएको अधिवेशनमा सहभागीहरुले बताए।

**सांसद्हरुको गोप्य सहमतिपछि विवाद**

आइतबार जिरोमाइलमा अधिवेशनको उद्घाटन सत्रपछि रास्वपाको मधेश प्रदेश सभापतिसमेत रहेका सिरहा क्षेत्र नं. ४ का सांसद तपेश्वर यादव, क्षेत्र नं १ का सांसद बब्लु गुप्ता, क्षेत्र नं २ का सांसद शिव यादव, क्षेत्र नं ३ का सांसद शम्भु यादव र समानुपातिक सांसद पुरुषोत्तम यादवले तीन आकांक्षीमध्ये एकजनाको नाममा सहमति जुटाउन छलफल गरेका बताइएको छ। छलफलमा सांसद र जिल्ला सभापतिका आकांक्षीहरुले आ–आफ्नो अडान नछोडेपछि जिल्ला अधिवेशन निर्वाचन समितिले सोमबार बिहान १० बजेदेखि नेतृत्व चयनको प्रक्रिया थालिने सूचना जारी गरेको थियो।

निर्वाचन प्रकृया थालिने सूचना जारी भएपछि आइतबार राती गोप्य रुपमा आफूहरु अनुकूल हुनेगरी बहुमत सांसदले रामसोगारथ यादवको नेतृत्वमा कार्यसमिति चयन गरी मान्यता दिन निर्वाचन समितिलाई पत्र पठाएको भन्दै विवाद भएको निवर्तमान सभापति मैनालीसहित

**–बाँकी अन्तिम पेजमा**




GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

## आइसिसी टी–२० आई वरीयतामा नेपालको सुधार



काठमाडौं, २५ जेठ। अन्तर्राष्ट्रिय क्रिकेट परिषद् (आइसिसी)को नयाँ टी–२० आई वरीयतामा नेपालले एक स्थान सुधार गरेको छ। आइसिसीले सोमबार अद्यावधिक गरेको नयाँ वरीयताअनुसार नेपाल १५औँ स्थानमा उक्लिन सफल भएको हो। नेपालले वरीयतामा सुधार गर्दा यसअघि १५औँ स्थानमा रहेको स्कटल्याण्ड भने एक स्थान तल झर्दै १६औँ स्थानमा पुगेको छ। सूचीका अन्य टोलीको स्थितिमा भने कुनै परिवर्तन भएको छैन।

टोलीको वरीयतामा सुधार देखिए पनि व्यक्तिगत ब्याटिङतर्फ भने नेपाली खेलाडीहरूको मिश्रित प्रदर्शन देखिएको छ। कुशल भुर्तेलले दुई स्थान सुधार गर्दा दिपेन्द्र सिंह ऐरी एक र आशिफ शेख तीन स्थान तल झरेका छन्। उनीहरु क्रमशः ६४, ६१ र ९५औं स्थानमा छन्।

## मोबाइलको क्षतिपूर्ति माग गर्दै सिरहामा विद्यार्थीको प्रदर्शन

एसईई र कक्षा–१२ परीक्षाका क्रममा जफत गरिएका मोबाइल फोन तथा स्मार्ट घडी पानीमा डुबाएर नष्ट गरिएको घटनाविरुद्ध सिरहामा संयुक्त विद्यार्थी संगठनहरूले विरोध प्रदर्शन गरेका छन्।




सिरहा, २५ जेठ। एसईई र कक्षा–१२ परीक्षाका क्रममा जफत गरिएका मोबाइल फोन तथा स्मार्ट घडी पानीमा डुबाएर नष्ट गरिएको घटनाविरुद्ध सिरहामा संयुक्त विद्यार्थी संगठनहरूले विरोध प्रदर्शन गरेका छन्। विद्यार्थीहरूले सिरहा क्याम्पस अगाडिबाट जिल्ला प्रशासन कार्यालयसम्म प्रदर्शन गरेका हुन्। उनीहरूले नष्ट गरिएका मोबाइल फोनको उचित क्षतिपूर्ति उपलब्ध गराउन, पीडित विद्यार्थीलाई न्याय दिन तथा सम्पत्तिमाथिको दमन बन्द गर्न माग गरेका छन्।

साथै विद्यार्थी संगठनहरूले प्रमुख जिल्ला अधिकारीमार्फत जिल्ला प्रशासन कार्यालय सिरहामा ज्ञापनपत्र बुझाउँदै घटनाको निष्पक्ष छानबिन, पीडितलाई क्षतिपूर्ति तथा जिम्मेवार पक्षमाथि कानुनी कारबाहीको माग गरेका छन्। ज्ञापनपत्रमा संविधानले प्रत्याभूत गरेको सम्पत्तिको हकविपरीत कानुनी प्रक्रिया पूरा नगरी नष्ट गरिएको भन्दै आपत्ति जनाइएको छ। विद्यार्थी संगठनहरूले परीक्षा अनियमिततामा संलग्नमाथि कानुनबमोजिम कारबाही गर्न

**–बाँकी तीन पेजमा**

**बिल-बिजकको प्रयोग अनिवार्य गरौं।**

- हरेक खरिदमा अनिवार्य रूपमा बिल/रसिद मागौं,
- कानुनी रूपमा मान्य बिल–बिजक जारी गरौं,
- बिल बिना कारोबार नगर्ने/नगराउने बानी बसालौं,
- कर प्रणालीलाई पारदर्शी र व्यवस्थित बनाउन सहयोग गरौं,
- उपभोक्ता अधिकार संरक्षणका लागि बिल सुरक्षित राखौं,
- कर छलि र अनियमितता अन्त्य गर्न सचेत बनौं,
- डिजिटल बिलिङ प्रणालीको प्रयोग बढाऔं,
- जिम्मेवार नागरिक भई इमानदारीपूर्वक कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सम्पादकीय

## कूटनीतिमा संयम र परिपक्वता अपरिहार्य

अगिल्लो साता सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने नयाँ दिल्ली पुगेर फर्के। सभापति लामिछाने फर्के लगत्तै परराष्ट्रमन्त्री शिशिर खनाल नयाँ दिल्ली पुगे। दुवै जनाले नयाँ दिल्ली भ्रमण सफल रहेको दाबी गरेका छन्। लामिछानेको उच्चस्तरीय भेटघाटलाई भारतले संवाद निरन्तरताको सकारात्मक संकेतका रूपमा हेरेको अनुमान गर्न सकिन्छ। लामिछाने र खनालको भ्रमणभन्दा पहिले नयाँ दिल्ली नेपालसँग सशङ्कित रहेको अनुमान गरिएको थियो। कारण, भारतका विदेश सचिवको तय भइसकेको नेपाल भ्रमणसमेत स्थगित गरिएको थियो। प्रधानमन्त्री बालेन्द्र शाहले भेटको समय नदिएपछि विदेश सचिवको भ्रमण स्थगित भएको अनुमान गरिएको छ।

त्यसमाथि प्रतिनिधि सभामा बोल्ने क्रममा प्रधानमन्त्री बालेन्द्र शाहले कालापानी क्षेत्रको सीमा विवादमा बेलायतसँग पनि कुरा हुने बताएपछि नयाँ दिल्लीले त्यसमा प्रतिक्रिया नै दियो। लिपुलेक नाकाका विषयमा भारत– चीन सहमतिप्रति आपत्ति जनाउँदै नेपालले पठाएको कूटनीतिक नोटबाट पनि सम्बन्ध चिसिएको थियो। सामान्यतः नयाँ प्रधानमन्त्री नियुक्त भएपछि विदेश यात्राको थालनी भारतबाट गर्ने परम्परा नेपालमा छ। यसपटक भने प्रधानमन्त्री शाह एक वर्षसम्म विदेश यात्रामा ननिस्किने बताइएको छ यस्तो विषम अवस्थामा सभापति लामिछाने भ्रमणमा गएर संवादहीनताको अन्त्य गरेका छन्।

सभापति लामिछाने फर्केलगत्तै परराष्ट्रमन्त्री खनाल नयाँ दिल्ली पुगेका थिए। लामिछानेको भ्रमण भारतीय जनता पार्टीको निमन्त्रणामा भए पनि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीसँग समेत उनको भेट गराइयो। सम्भवतः यो भेट लामिछानेलाई भारतले गरेको विश्वासको पनि संकेत हो। प्रधानमन्त्री बालेन्द्र शाहले प्रतिनिधि सभामा नेपालले पनि भारतीय भूमि मिचेको र कालापानी सीमा विवादमा बेलायतलाई संलग्न गराउने भनेपछि विवाद उत्पन्न भएको छ। यद्यपि, प्रधानमन्त्री शाहको अभिव्यक्तिलाई परराष्ट्र मन्त्रालयले स्पष्टीकरण दिँदै प्रकारान्तरले खण्डन गरेको थियो।

प्रधानमन्त्री शाहको बेलायतसम्बन्धी विवादास्पद कथनलाई पनि परराष्ट्रमन्त्री खनालले सच्याएका छन्। बेलायतको संलग्नता भनेको त्यहाँका पुस्तकालयमा नेपालको पहुँच कायम गर्ने भन्ने अर्थ लगाएर उनले भारतलई आश्वस्त बनाउन खोजेको देखिन्छ। परराष्ट्रमन्त्री खनालले आफूले पुरानो भारी नबोकेको भनेर पनि भारतको विश्वास जित्न खोजेका छन्। तर, यस कथनले पनि सन्धिसम्झौताको अनादर भनिएको त होइन भन्ने सन्देह उब्जाउँछ। यद्यपि, पञ्चेश्वरजस्ता कार्यान्वय हुन नसक्ने परियोजनाका हकमा दुवै पक्षले छिनोफानो गरेर भारी हलुंगो भने बनाउन सके बेसै हुनेछ।

पहिले पनि धेरैपटक धेरै जनाले 'नयाँ सन्दर्भ'मा 'नयाँ सम्बन्ध'को गु ी हाँकेका थिए। तर, नेपाल(भारत सम्बन्धको बहुआयामिकता त्यति सरल छैन। राजनीति जति नै बदलिए पनि भूगोल र जनजीवन बदलिँदैन। नेपाल र भारतको निकटता सरकार विशेषको उदय वा अन्त्यमा सीमित हुँदैन। नयाँ सरकारले यो बुझ्नु जरुरी छ। विसं २०४६ पछि पनि भारतको स्वतन्त्रता आन्दोलनमा सहभागी भएका तीनजना राजनीतिक नेताहरू नेपालमा प्रधानमन्त्री भएका थिए। भारतमा उनीहरूको राजनीतिक वा कूटनीतिक सीमाभन्दा बाहिरको सम्मान हुन्थ्यो। र भारतीय नेतृत्वसँग तिनको व्यक्तिगत तहमा पनि प्रगाढ सम्बन्ध थियो। तैपनि, नेपालप्रतिको भारतको परम्परागत दृष्टिकोण बदलिएन।

यसैले रास्वपाका नेताहरूले पनि भारतीय पक्षको व्यक्तिगत व्यवहारलाई उच्च मूल्याङ्कन गर्नु बुद्धिमानी हुनेछैन। साथै, रास्वपा नेतृत्वले संवेदनशील कूटनीतिक विषयमा अनावश्यक सार्वजनिक विवादबाट बच्न प्रधानमन्त्रीलाई सचेत गराउनु आवश्यक देखिन्छ। पुरानो भारी नबोक्ने नै हो भने भ्रमणबाट फर्केपछि बोली फेर्ने, एक्लै भेट्दा एउटा कुरा गर्ने र सार्वजनिकरूपमा अर्कै कुरा गर्ने, फर्केपछि सम्झौताहरूको अनुगमन नगर्ने जस्ता विगतका प्रवृत्तिलाई निरन्तरता नदिउन्। नेपालले भारतजस्तो मित्र राष्ट्रसँगको सम्बन्धमा भावनात्मक उतारचढावभन्दा निरन्तरता, विश्वसनीयता र संस्थागत परिपक्वतालाई प्राथमिकता दिनुपर्छ।

# सञ्जालका शूरवीर, संसद्का सन्न्यासी



रञ्जित कर्ण

नयाँ बानेश्वरको संरचनाबाट बाहिरिएर संघीय संसद् जब सिंहदरबारभित्र आफ्नै नयाँ भवनमा सऱ्यो, तब आम वृत्तमा एउटा आशा जागेको थियो– अब कार्यपालिका र व्यवस्थापिकाबिचको भौतिक दुरी मात्र मेटिने छैन, राज्य सञ्चालनको कूटनीतिक र राजनीतिक गतिमा पनि अभूतपूर्व सहजता आउनेछ। सिंहदरबारको केन्द्रीकृत प्रशासनिक केन्द्रभित्रै कार्यपालिका प्रमुखको कार्यालय छ र त्यसको केही मिटरकै दुरीमा मुलुकको सार्वभौम संसद्, अर्थात् प्रतिनिधिसभा छ। दुईवटा भवनबिचको यो दुरी पैदल नाप्ने हो भने बढीमा पाँच मिनेटको हो।

तर, आज यही पाँच मिनेटको बाटो देशकै सबैभन्दा दुर्गम, कठिन र रहस्यमयी यात्रा साबित भएको छ। परम्परागत राजनीतिको विकल्प र समकालीन पुस्ताको 'आस र भरोसाको प्रतीक' बनेर सिंहदरबार छिर्नुभएका प्रधानमन्त्री बालेन्द्र शाहको कार्यशैलीले यतिखेर संसद् भवनलाई एउटा अनौठो अन्योल र अनिर्णयको बन्दी बनाइदिएको छ। स्थानीय निकायमा रहँदा प्रयोगात्मक र आक्रामक निर्णयका लागि चिनिनुभएका प्रधानमन्त्री शाह राष्ट्रिय राजनीतिको सर्वोच्च कार्यकारी पदमा पुगेपछि भने संसद्का लागि 'दुर्लभ पात्र' बन्नुभएको छ।

यो व्यवस्थापकीय इतिहासकै एउटा गम्भीर विरोधाभास हो, जहाँ प्रधानमन्त्रीको भौतिक उपस्थिति नहुँदा सिंगो प्रतिनिधिसभा दिशाहीन जस्तो बन्न पुगेको छ। अचेल प्रतिनिधिसभाको बैठक सुरु हुनासाथ एउटै संवैधानिक प्रश्न प्रतिध्वनित हुन्छ, 'प्रधानमन्त्रीज्यू कहाँ हुनुहुन्छ ?' प्रतिपक्षी लहरबाट उठ्ने आक्रोशपूर्ण आवाज मात्र होइन, सत्तापक्षकै सांसदहरूका आन्तरिक संवादमा पनि कार्यपालिका प्रमुखको यो अनुपस्थितिप्रति गम्भीर चिन्ता र असन्तुष्टि देखिन थालेको छ। संसदीय व्यवस्थामा प्रधानमन्त्री संसद्प्रति पूर्ण रूपमा जवाफदेही हुनुपर्छ तर, प्रधानमन्त्रीको नियमित अनुपस्थितिकै कारण मुलुकका कैयौँ सुस्ताएका विधेयकहरू, जनसरोकारका नीतिगत निर्णयहरू र दीर्घकालीन विकासका योजनाहरू संसदीय समितिका दराजहरूमा थुनिएका छन्।

संसद् कतिसम्म अल्मलियो भने, कार्यकारी प्रमुखबाट उचित विधेयक र कार्यसूची नपाएपछि उत्पन्न गतिरोधका कारण हिजोआज प्रतिनिधिसभाको बैठक कार्यसूचीमै प्रवेश नगरी लगातार स्थगित भइरहेको छ। संसद्को बैठक नियमित नहुनु वा बैठक बस्दै नबसी स्थगित हुनु केवल एउटा राजनीतिक गतिरोध मात्र होइन, यो आर्थिक रूपमा टाट पल्टिँदै गरेको राज्यढुकुटीमाथिको ठुलो भार पनि हो। संघीय संसद् सचिवालयको आन्तरिक आर्थिक विवरण र प्रशासनिक तथ्यांकलाई केलाउने हो भने प्रतिनिधिसभाको कार्यसञ्चालन खर्च निकै बढी देखिन्छ।

सचिवालयको दैनिक लागत अनुमानअनुसार, नयाँ संसद् भवनको भौतिक व्यवस्थापन, प्रणाली सञ्चालन तथा मर्मतसम्भारका लागि मात्रै दैनिक चार लाख रुपैयाँ खर्च हुने गर्छ। त्यसैगरी, माननीय सांसदहरूको बैठक भत्ता, यातायात तथा विशेष सुविधाका शीर्षकमा दैनिक पाँच लाख ५० हजार रुपैयाँ र सचिवालयका कर्मचारी खटानी, बिजुली, खानेपानी एवं विविध प्रशासनिक कार्यका लागि दैनिक एक लाख ५० हजार रुपैयाँ खर्च हुने गरेको छ। यसरी सबै शीर्षकहरूलाई जोड्दा संसद् सञ्चालनको कुल दैनिक खर्च मात्रै करिब ११ लाख रुपैयाँ हुन आउँछ।

यसको अर्थ, प्रतिनिधिसभाको बैठक कुनै ठोस विमर्श नै नगरी वा कार्यसूचीमा प्रवेश नै नगरी एक दिन मात्र स्थगित हुँदा पनि राज्यको झन्डै एघार लाख रुपैयाँ प्रत्यक्ष रूपमा अनुत्पादक खर्च बन्न पुग्छ, जुन महिनाको हिसाब गर्दा करोडौँको नोक्सानी हुन आउँछ र यो अन्ततः आम करदाताको पसिनाबाट संकलन गरिएको बहुमूल्य राजस्वको अपव्यय मात्र हो। तर, यो आर्थिक नोक्सानीभन्दा कैयौँ गुणा बढी क्षति मुलुकले नीतिगत तहमा व्यहोर्नु परेको छ।

संसद् संकुचित हुँदा जनताका दैनिक जीविकाका सवाल, महँगी, बेरोजगारी र राष्ट्रिय सुरक्षा जस्ता विषय ओझेलमा पर्छन्। कानुन निर्माणको प्रक्रिया महिनौँ धकेलिँदा राज्यका कतिपय निकायहरू कानुनी रिक्तताको अवस्थामा पुग्छन्। एउटा लोकतान्त्रिक मुलुकका लागि संसद्को यो शून्यता संवेदनहीनताको पराकाष्ठा हो। संसदीय लोकतन्त्रमा राज्य सञ्चालन गर्नु भनेको सामाजिक सञ्जालमा संक्षिप्त र आक्रामक टिप्पणी लेखेर जनउत्तेजना फैलाउनु जस्तो हलुका विषय होइन। यहाँ संस्थागत परिपक्वता, संवैधानिक मर्यादा र प्रत्येक प्रश्नको उत्तर दिने धैर्यता आवश्यक पर्छ।

### मन्त्रालयहरूको केन्द्रीकरण र संस्थागत मौनता

प्रधानमन्त्री शाहको एउटा स्थापित कार्यशैली छ, उहाँ औपचारिक मञ्च वा संसद्को रोस्टममा भन्दा इन्टरनेटका भित्ताहरूमा आफ्ना विचारहरू सार्वजनिक गर्न बढी रुचाउनु हुन्छ। तर जब संसद्को बजेट अधिवेशन प्रारम्भ भयो, तब देशको आर्थिक मार्गचित्र र आगामी कार्यदिशाका बारेमा जुन स्तरको सघन बहस हुनुपर्ने थियो, त्यहाँ कार्यपालिका प्रमुखको तर्फबाट केवल एक किसिमको मौनता मात्र देखियो। बजेट वक्तव्य आउनुअघि सरकारको नीति तथा कार्यक्रममाथि प्रतिनिधिसभामा सांसदहरूले उठाएका गम्भीर प्रश्नहरूको सामना गर्न प्रधानमन्त्री स्वयं उपस्थित हुनुपर्ने संसदीय मर्यादा हो।

तर, त्यहाँ केवल राजनीतिक दलहरूबिचको तँछाडमछाड र आरोप–प्रत्यारोप मात्र दृश्यमा आयो। बजेट वक्तव्य आइसकेपछि पनि देशको आर्थिक संकट निवारणका उपायबारे प्रतिनिधिसभामा जुन गम्भीर विमर्श हुनुपर्ने थियो, प्रधानमन्त्रीको अस्पष्ट कार्यदिशाका कारण संसद्ले ठोस कार्यसूची नै पाउन सकेन। यदि प्रधानमन्त्री साँच्चै नै देश विकास र प्रशासनिक सुधारका कार्यमा अहोरात्र व्यस्त हुनुभएको कारणले संसद् आउन नसक्नुभएको हो भने, अर्को गम्भीर प्रशासनिक प्रश्न खडा हुन्छ, उहाँले किन मुलुकका झन्डै आधा दर्जन महत्त्वपूर्ण मन्त्रालयहरू आफैँसँग थुपारेर राख्नुभएको छ ?

राज्यका मेरुदण्ड मानिएका मन्त्रालयहरू लामो समयसम्म आफैँसँग राख्दा प्रशासनिक काममा चरम सुस्ती आएको छ। अधिकारको विकेन्द्रीकरण गर्नुको साटो राज्यका शक्तिहरूलाई एकै ठाउँमा केन्द्रीकृत गर्ने र जबाफदेहिताबाट पन्छिने यो प्रवृत्ति कुनै पनि अर्थमा लोकतान्त्रिक हुन सक्दैन। नेपाली जनताले पुराना राजनीतिक दलहरूको अकर्मण्यता र संस्थागत भ्रष्टाचारबाट आजित भएर नै बालेन्द्र शाहमा एउटा वैकल्पिक नेतृत्व र भरोसाको जग देखेका थिए।

उहाँको काँधमा आम युवा र परिवर्तनका पक्षधर नागरिकहरूको ठुलो अपेक्षा छ। तर, प्रधानमन्त्रीको कुर्सीमा बसिसकेपछि राज्यकै सर्वोच्च विधायिका अर्थात् प्रतिनिधिसभालाई नै उपेक्षा गर्ने उहाँको यो शैलीले जनताको त्यो पवित्र विश्वासलाई बिस्तारै निराशामा परिणत गर्दै लगेको छ। जनताको यो भरोसालाई यसरी दलीय दाउपेच र प्रचारबाजीको ओत लागेर खेर जान दिनु मुलुकका लागि घातक हुनेछ।

### जमिनको स्वामित्व र कूटनीतिक अपरिपक्वता

प्रतिनिधिसभा नीतिगत अन्योल र आन्तरिक विवादको भुमरीमा फसिरहेकै बेला, केही दिनअघि ( मे ३१) अचानक प्रधानमन्त्री शाह संसद्को रोस्टममा उभिनुभयो। संसद् र आम नागरिकले अपेक्षा गरेका थिए कि उहाँले मुलुकको सुस्त आर्थिक अवस्था, बेरोजगारी र राष्ट्रिय गौरवका आयोजनाहरूको गतिबारे संसद्लाई आश्वस्त पार्नु हुनेछ। तर, उहाँको सम्बोधन अप्रत्याशित र कूटनीतिक रूपमा अत्यन्तै संवेदनशील दिशातिर मोडियो। उहाँले प्रतिनिधिसभाको रोस्टमबाट कुनै प्राविधिक पुष्टिबिना नै दाबी गरिदिनुभयो, 'हामी सधैँ अरूले हाम्रो भूमि मिच्यो भन्छौँ, तर ऐतिहासिक तथ्य हेर्ने हो भने नेपालले पनि छिमेकी भारतको भूमि मिचेको छ।'

प्रधानमन्त्रीले वर्षायाममा नदीले धार परिवर्तन गर्दा सीमा क्षेत्रका स्थानीय बासिन्दाले भोगचलन गरेको जमिन र कतिपय सीमा स्तम्भहरू स्थानान्तरण भएको सतही आधारलाई प्रमाण बनाउँदै सिंगो संसद् र अन्तर्राष्ट्रिय समुदायका सामु नेपाललाई 'अतिक्रमणकारी' को रूपमा चित्रण गर्ने प्रयास गर्नुभयो। एउटा सार्वभौम मुलुकको प्रधानमन्त्रीले बिनाकुनै आधिकारिक नापी नक्सा, ऐतिहासिक दस्तावेज वा कूटनीतिक आयोगको प्रतिवेदन संसद्को अभिलेख रहने गरी यस्तो गम्भीर वक्तव्य दिनु राष्ट्रिय हित प्रतिकूल र निन्दनीय कार्य हो। वास्तविकता र सीमासम्बन्धी प्राविधिक तथ्यहरूले यस दाबीलाई पूर्ण रूपमा खारेज गर्छन्।

नेपाल–भारत सीमा मामिलाका वरिष्ठ विज्ञ तथा नापी विभागका पूर्वमहानिर्देशक बुद्धिनारायण श्रेष्ठका अनुसार, नेपालले इतिहासमा कहिल्यै पनि संगठित वा राज्यस्तरबाट भारतको भूभाग अतिक्रमण गरेको छैन। सीमा क्षेत्रको दसगजा (जहाँ दुवै देशले कुनै भौतिक संरचना बनाउन पाउँदैनन) मा कतिपय ठाउँमा नदीको बहाव बदलिँदा दुवै तर्फका स्थानीय किसानहरूले खेतीपाती गर्ने व्यावहारिक समस्या (जसलाई प्राविधिक भाषामा क्रस–बोर्डर अकुपेसन भनिन्छ) अवश्य छ। यो दुवै देशका प्राविधिक टोलीले नापजाँच गरी सुल्झाउँदै आएको नियमित प्रक्रिया हो।

ऐतिहासिक तथ्य त यो हो कि लिपुलेक, लिम्पियाधुरा, कालापानी र सुस्ता जस्ता क्षेत्रहरूमा नेपाल सधैँ ऐतिहासिक प्रमाण हुँदाहुँदै पनि सीमा मिचिएको 'पीडित' पक्ष हो। सन् १८१६ को सुगौली सन्धि र तत्कालीन समयका नक्साहरूले महाकाली नदी पूर्वको सम्पूर्ण भूभाग नेपालको भएको अकाट्य प्रमाण पेस गर्छन्। प्रधानमन्त्रीज्यूले स्थानीय तहको व्यावहारिक जमिन उपभोग र राष्ट्रिय सीमाको सार्वभौमिकताबिचको यो गम्भीर भिन्नतालाई ठम्याउन सक्नु भएन। तर विडम्बना, प्रधानमन्त्रीका कतिपय समर्थकहरू यो गम्भीर कूटनीतिक त्रुटिलाई स्वीकार गर्नुको साटो सामाजिक सञ्जालमा यसलाई 'नयाँ राष्ट्रभक्ति' को संज्ञा दिँदै तथ्यहीन कुरालाई साँचो प्रमाणित गर्न उद्यत देखिएका छन्।

देशको परराष्ट्र नीति र अन्तर्राष्ट्रिय सम्बन्ध जस्तो गम्भीर विषयमा सरकारको प्रमुख साझेदार दल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का

**–बाँकी तीन पेजमा**

## सञ्जालका शूरवीर...

कतिपय जिम्मेवार नेता र सांसदहरू समेत संसद्मा र सञ्चारमाध्यमहरूमा यस विषयलाई अमूर्त व्याख्या गर्दै भ्रम छर्न लागिपरेका छन्। उनीहरू भनिरहेका छन्, 'प्रधानमन्त्रीको आशय त्यो थिएन, उहाँले त सीमा व्यवस्थापनको पाटो मात्र कोट्याउनु भएको हो।' नेपालका वरिष्ठ परराष्ट्रविद्हरूले यस अभिव्यक्तिप्रति गम्भीर आपत्ति जनाएका छन्। उनीहरूको स्पष्ट धारणा छ कि देशको कार्यकारी प्रमुखले बोलेको प्रत्येक शब्द राज्यको आधिकारिक र कूटनीतिक दृष्टिकोण मानिन्छ, जसलाई भविष्यमा अन्तर्राष्ट्रिय मञ्चहरूमा प्रमाणका रूपमा प्रस्तुत गर्न सकिन्छ।

यही कूटनीतिक जोखिमलाई मध्यनजर गर्दै, प्रधानमन्त्रीले सिर्जना गरेको यो गम्भीर विवादलाई मत्थर पार्न परराष्ट्र मन्त्रालयले हतार–हतार स्पष्टीकरणसहितको विज्ञप्ति जारी गर्नुपर्‍यो। परराष्ट्र मन्त्रालयले विज्ञप्तिमार्फत प्रस्ट पार्नुपर्‍यो कि प्रधानमन्त्रीको भनाइ नेपालको आधिकारिक सीमासम्बन्धी स्थापित दृष्टिकोणभन्दा फरक होइन र यसले दसगजाको व्यावहारिक अवस्थालाई मात्र संकेत गरेको हो। मुलुकको प्रधानमन्त्रीले अदूरदर्शी ढंगले बोल्ने अनि कूटनीतिज्ञहरूले अन्तर्राष्ट्रिय मञ्चमा त्यसको ढाकछोप गर्दै हिँड्नुपर्ने अवस्था निश्चय नै सुखद होइन।

**विधिको शासन र संस्थागत मर्यादा**

प्रधानमन्त्रीज्यू, लोकतान्त्रिक सञ्चालन र राज्यको नेतृत्व केवल सतही लोकप्रियता र सञ्जालका प्रतिक्रियाहरूको बलमा सम्भव हुँदैन। काठमाडौँको स्थानीय प्रशासन सम्हाल्नु र सिंहदरबारबाट सिंगो मुलुकको कूटनीतिक तथा आर्थिक डुंगा पार लगाउनु गुणात्मक रूपमा फरक विषय हुन्। राज्य सञ्चालनका लागि संसद्प्रतिको पूर्ण उत्तरदायित्व, कूटनीतिक परिपक्वता र संवैधानिक संस्थाहरूको मर्यादाको सम्मान अनिवार्य सर्त हुन्।

यदि तपाईं कार्यबोझले साँच्चै थिचिनु भएको हो भने, आफूसँग रहेका मन्त्रालयहरू तत्काल सम्बन्धित मन्त्रीहरूलाई कार्यविभाजन गरी अधिकारको विकेन्द्रीकरण गर्नुहोस्। सिंहदरबारको आफ्नो कार्यकक्षबाट बाहिर निस्कनुहोस्, पाँच मिनेटको यो भौतिक दुरी पार गरेर प्रतिनिधिसभाको रोस्टममा नियमित उपस्थित हुनुहोस्। सांसदहरूले उठाएका जनसरोकारका प्रश्नहरूको लोकतान्त्रिक सामना गर्नुहोस् र मुलुकको राष्ट्रिय हित एवं साखमा धक्का लाग्ने खालका अपरिपक्व अभिव्यक्ति दिन बन्द गर्नुहोस्।

नेपाली जनताले तपाईंलाई देशको एउटा जिम्मेवार र दूरदर्शी अभिभावकको रूपमा हेर्न चाहेका हुन्, संसद्लाई सधैँ अन्योलमा राख्ने सञ्जालका शूरवीर मात्र होइन। समयमै चेतना भया ! (कर्ण नेपाली कांग्रेसका तर्फबाट राष्ट्रिय सभा सदस्य हुन्।) रातोपाटीबाट

# सीमावर्ती क्षेत्रमा पाठेघर समस्या र कुपोषण



**रवीन्द्र उप्रेती**

बर्दिबास, २५ जेठ। ग्रामीण क्षेत्रको स्वास्थ्य अवस्था अपेक्षाभन्दा बढी समस्याग्रस्त रहेको पाइएको छ। सशस्त्र प्रहरी परिवार महिला संघको २५औँ वार्षिकोत्सवको अवसरमा 'सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम' अन्तर्गत सीमावर्ती सम्सी गाउँपालिका–७ मा पहिलो पटक आयोजित निःशुल्क शिविरमा महिलादेखि बालबालिका तथा वृद्धवृद्धासम्म विभिन्न स्वास्थ्य समस्याबाट पीडित रहेको तथ्य सार्वजनिक भएको हो।

नेपाल एपीएफ अस्पताल बलम्बुका हाडजोर्नी विशेषज्ञ तथा चिकित्सक टोलीका संयोजक डा. शैलेन्द्र दुवाल श्रेष्ठका अनुसार शिविरमा स्वास्थ्य परीक्षण गरिएका ४५० महिलामध्ये अधिकांशमा पाठेघरसम्बन्धी समस्या देखिएको थियो। तल्लो पेट दुख्ने, अनियमित महिनावारी, रक्तअल्पता, प्रजनन स्वास्थ्यसम्बन्धी समस्या तथा सरसफाइको कमी प्रमुख समस्या रहेको उहाँले जानकारी दिनुभयो।

महिला स्वास्थ्य अवस्था चिन्ताजनक देखिएपछि शिविरमा सेवा दिइरहनुभएकी स्त्रीरोग विशेषज्ञ सशस्त्र प्रहरी निरीक्षक डा. आकर्षा श्रेष्ठसहितको टोलीले महिलाहरूलाई छुट्टै कक्षमा भेला गरी स्वास्थ्य तथा सरसफाइसम्बन्धी परामर्श र सचेतना प्रदान गरेको थियो। बालबालिकाको स्वास्थ्य अवस्था पनि उत्तिकै गम्भीर पाइएको छ। परीक्षण गरिएका अधिकांश बालबालिकामा कुपोषण, छालाजन्य संक्रमण तथा रोग प्रतिरोधात्मक क्षमताको कमी देखिएको थियो। त्यस्तै हाडजोर्नी समस्या, बाथरोग, लुतो लगायत छालाका संक्रमण तथा बोन टीबीसम्मका समस्या ग्रामीण क्षेत्रमा व्यापक रहेको जनाइएको छ।

चिकित्सक टोलीका अनुसार स्वास्थ्य चेतनाको अभाव, रोग लुकाउने प्रवृत्ति, अशिक्षा, खुला सीमा, सुविधा सम्पन्न स्वास्थ्य संस्थाको कमी तथा आर्थिक–सामाजिक कारणले सीमावर्ती क्षेत्रको स्वास्थ्य अवस्था जटिल बन्दै गएको छ। डा. श्रेष्ठले सीमा क्षेत्रमा स्वास्थ्य परीक्षणको अनुभव आफ्ना लागि पनि नयाँ रहेको बताउँदै नियमित सरसफाइ र समयमै स्वास्थ्य परीक्षण गर्ने बानी बसाल्न सके ग्रामीण स्वास्थ्यमा उल्लेखनीय सुधार ल्याउन सकिने धारणा व्यक्त गर्नुभयो।

सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालयको आयोजनामा हिजो साँझसम्म सञ्चालन भएको शिविरमा ४५० महिला, ३२५ पुरुष र ८४ बालबालिकासहित कुल ८५९ जनाले स्वास्थ्य सेवा प्राप्त गरेका थिए। शिविरका संयोजक तथा सशस्त्र प्रहरी बल नेपाल नम्बर ९ गण जलसागरका सशस्त्र प्रहरी उपरीक्षक शेरबहादुर अधिकारीका अनुसार नेपाल एपीएफ अस्पताल बलम्बुका प्राध्यापक सशस्त्र प्रहरी उपरीक्षक डा. शैलेन्द्र दुवाल श्रेष्ठको नेतृत्वमा ११ सदस्यीय तथा जानकी मेडिकल कलेज जनकपुरका उपप्राध्यापक डा. अमितरञ्जन मिश्रको नेतृत्वमा १८ सदस्यीय टोलीसहित २९ जना चिकित्सकले सेवा प्रदान गर्नुभएको थियो।

शिविरमा स्त्रीरोग, बालरोग, हाडजोर्नी, चर्मरोग, नाक–कान–घाँटी, दन्त तथा जनरल मेडिसिन सेवा उपलब्ध गराउनुका साथै निःशुल्क औषधि वितरण पनि गरिएको थियो। सम्सी गाउँपालिकाका अध्यक्ष रामनाथ यादवले यस्ता स्वास्थ्य शिविर ग्रामीण जनताका लागि वरदानसरह भएको प्रतिक्रिया दिनुभयो। उहाँले गरिबी, पछौटेपन र अवसरबाट वञ्चित समुदायसम्म विशेषज्ञ स्वास्थ्य सेवा पुर्‍याउने यस्ता कार्यक्रम कम्तीमा वर्षमा एक पटक आयोजना गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो।

उहाँले भन्नुभयो, "यस्ता कार्यक्रमले सीमावर्ती क्षेत्रका नागरिकमा सकारात्मक मनोवैज्ञानिक प्रभाव पार्नुका साथै सशस्त्र प्रहरीप्रति भावनात्मक निकटता बढाउने आधार पनि बनेको छ।"

# सप्तरीमा झाडु जुलुस प्रदर्शन




**देवराम यादव**

सप्तरी, २५ जेठ। सप्तरीको राजविराजबासीले लालपुर्जा माग अघि सार्दै विभिन्न स्तरको संघर्ष गर्दै आईतबार झाडु जुलुस प्रदर्शन गरेको छ। 'लालपुर्जा दिनै पर्छ' सम्पूर्ण नगरबासी एक हौं' भन्ने नारा लगाउँदै नगरको विभिन्न भागमा यहाँ झाडु जुलुस प्रदर्शन गरेको हो। नगरपालिकाको कार्यालयबाट निस्केको झाडु जुलुस नगरको विभिन्न भाग परिक्रमा पश्चात कोणसभामा परिणत भएको थियो। यसैगरी हलुवाई समाज नेपाल लगायतका विभिन्न संघसंस्थाले समेत झाँकीसहित झाडु प्रदर्शन गरी समर्थन जनाएका छन्।

कोण सभामा बक्ताहरुले राजविराज शहरको स्थापना कालदेखि नेपाल सरकारबाट प्रदान गरिएको बिर्टैरी जग्गामा बसोबास गर्दै आएको राजविराजबासीहरुलाई बिना शर्त लालपुर्जा दिनु पर्ने माग गरेका छन्। सो अवसरमा वक्ताहरुले हकभोगको आधारमा जग्गको स्वामित्व पाउनु पर्ने माग सार्दै संघर्ष समितिले तीनसातादेखि धर्ना लगायतका विभिन्न दवाव मुलक संघर्षका कार्यक्रम गर्दै आएकोले सम्बन्धित निकायहरुले सुनुवाई नगर्दा बाध्य भएर आन्दोलन गर्नु परेको बताइएको छ।

आन्दोलनकारीले जेठ २९ गतेदेखि अनिश्चितकालीन बजार बन्दसहित नापी कार्यालयसहितमा समेत तालाबन्दी गरी आन्दोलनलाई थप सशक्त बनाउने चेतावनी दिएका छन्। १९९८ सालदेखि बिर्टैरी जग्गामा बसोबास गर्दै आएका नगरबासीलाई पटकपटक आश्वासन दिएपनि हालसम्म लालपुर्जा वितरण नगरेको आन्दोलन परिचालन समितिका संयोजक खेलानन्द दासले जानकारी दिनुभयो। हकभोगको आधारमा बिर्टैरी जग्गाको लालपुर्जा उपलब्ध गराउनुपर्ने एक सूत्रीय माग राखी ३ साताादेखि विभिन्न स्वरुपको चरणबद्ध आन्दोलन हुँदै आएको छ।

आन्दोलनरत नगरबासीको आन्दोलनलाई सप्तरी उद्योग बाणिज्य संघलगायतका दर्जनौं संघसंस्था तथा राजनीतिक दलहरुले प्रेस विज्ञप्ति जारी गर्दै एक्यवद्धता जनाएको छ।

## मोबाइलको ...

सकिने भए पनि निजी सम्पत्ति नष्ट गर्ने अधिकार नभएको बताएका छन्।

परीक्षामा चोरी वा अनियमितताको पक्षमा नभई विधि, कानुन, न्याय र जवाफदेहिताको पक्षमा रहेको उल्लेख गर्दै दोषीमाथि कारबाही र पीडितलाई क्षतिपूर्ति दिन ज्ञापन पत्रमार्फत माग गरिएको छ। जिल्ला प्रशासन कार्यालय सिरहाले गत चैतमा सम्पन्न एसइई तथा कक्षा–१२ परीक्षाका क्रममा परीक्षार्थीबाट जफत गरिएका करिब ५०० मोबाइल फोन र स्मार्ट घडी नष्ट गरेको थियो। प्रशासनका अनुसार सात वटा आइफोन, ४६९ वटा विभिन्न कम्पनीका एन्ड्रोइड मोबाइल फोन तथा पाँच वटा स्मार्ट वाच बरामद गरिएको थियो।

ती उपकरणको अनुमानित बजार मूल्य एक करोड रुपैयाँभन्दा बढी रहेको बताइएको छ। मोबाइल व्यवस्थापनका लागि शिक्षा विकास तथा समन्वय इकाइ सिरहाका परीक्षा शाखा अधिकृत राजदेव यादवको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका प्रतिनिधि सम्मिलित पाँच सदस्यीय उपसमिति गठन गरिएको थियो। समितिले जिल्ला प्रहरी कार्यालय परिसरमा मोबाइलहरू २४ घण्टा पानीमा डुबाएर राखी पुनः प्रयोग गर्न नसकिने अवस्थामा पुर्‍याएर नष्ट गरेको जनाएको छ।

प्रशासनले परीक्षाको मर्यादा कायम राख्न र भविष्यमा यस्ता उपकरणको दुरुपयोग रोक्न उक्त कदम चालिएको दाबी गरेको छ। तर अभिभावक, कानुन व्यवसायी तथा विद्यार्थी संगठनहरूले उक्त निर्णयप्रति गम्भीर असन्तुष्टि जनाउँदै निष्पक्ष छानबिन, क्षतिपूर्ति र न्यायको माग गरेका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# मधेशका मुद्दा सम्बोधन गर्न प्रधानमन्त्रीसमक्ष जनमत पार्टीको राख्यो ११ बुँदे माग



काठमाडौं, २५ जेठ। जनमत पार्टीले प्रधानमन्त्री बालेन शाहलाई मधेश आन्दोलन, थरूहट आन्दोलन तथा स्वराज आन्दोलनसँग सम्बन्धित विगतका सम्भौताहरू कार्यान्वयन गर्न माग गर्दै ११ बुँदे ज्ञापनपत्र बुझाएको छ। काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलमार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र पठाएको हो। जनमतका मधेश प्रदेश संसदीय दलका नेता चन्दन सिंह सहितका नेताहरूले ज्ञापन पत्र बुझाएका हुन्।

पार्टीका राष्ट्रिय अध्यक्ष डा. सीके राउतद्वारा हस्ताक्षरित ज्ञापनपत्रमा मधेशको पहिचान, अधिकार, सम्मान र स्वायत्तताको मुद्दा लामो समयदेखि राज्यको बेवास्तामा परेको उल्लेख गरिएको छ। ज्ञापनपत्रमा मधेश आन्दोलनका क्रममा भएका विभिन्न सम्भौताहरू कार्यान्वयन नहुँदा मधेशी जनतामा असन्तुष्टि बढ्दै गएको दाबी गरिएको छ। जनमत पार्टीले २०६४ सालको २२ बुँदे तथा ८ बुँदे सम्भौता र २०७५ सालको ११ बुँदे सम्भौतामा भएका प्रतिबद्धताहरू कार्यान्वयन गर्न सरकारलाई आग्रह गरेको छ।

आन्दोलनका क्रममा मुद्दा लागेका व्यक्तिहरूको मुद्दा फिर्ता लिन, हिरासत तथा जेलमा रहेका व्यक्तिहरूलाई रिहा गर्न र लाल आयोगको प्रतिवेदन सार्वजनिक गर्न समेत माग गरिएको छ। ज्ञापनपत्रमा नेपाली सेना लगायत सुरक्षा निकायहरूमा मधेशी, थारू र मुस्लिम समुदायको समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्न समूहगत भर्ती तत्काल सुरु गर्नुपर्ने उल्लेख गरिएको छ। साथै प्रदेशहरूलाई पूर्ण स्वायत्त बनाउँदै राजनीतिक, प्रशासनिक तथा आर्थिक अधिकार हस्तान्तरण गर्नुपर्ने माग गरिएको छ।

पार्टीले प्रहरी प्रशासनलाई संविधानअनुसार पूर्ण रूपमा प्रदेश सरकार मातहत राख्न, जनसंख्याको आधारमा निर्वाचन क्षेत्र पुनर्निर्धारण गर्न तथा विभिन्न प्रदेशहरूको सीमांकन जनचाहनाअनुसार सच्याउन सरकारको ध्यानाकर्षण गराएको छ। संविधान संशोधनमार्फत संघीयता, पहिचान र अधिकारका विषयलाई थप सुनिश्चित गर्नुपर्ने, मधेशी समुदायमाथि हुने विभेद र दमन रोक्नुपर्ने तथा संवैधानिक निकायहरूबाट हुने भनिएको विभेद अन्त्य गर्नुपर्ने माग पनि ज्ञापनपत्रमा समेटिएको छ।

किसानका समस्या समाधान, युवाका लागि रोजगारी सिर्जना, वैदेशिक रोजगारीमा रहेका नेपालीहरूको मतदान अधिकार सुनिश्चित गर्ने व्यवस्था तथा उनीहरूले भोग्दै आएका समस्याको समाधान गर्न सरकारलाई आग्रह गरिएको छ। त्यसैगरी तराई–मधेश क्षेत्रमा सञ्चालित विकास आयोजनाहरू समयमै सम्पन्न गर्न, आन्दोलनरत पक्षमाथिको दमन रोक्न तथा संवादको वातावरण सिर्जना गर्न पनि जनमत पार्टीले माग गरेको छ।

ज्ञापनपत्रमा मधेशको स्वायत्तता र अधिकार सुनिश्चित भए मात्र नेपालको संघीयताको वास्तविक कार्यान्वयन हुने उल्लेख गर्दै सरकारले मागहरूको सम्बोधनका लागि आवश्यक पहल गर्ने विश्वास व्यक्त गरिएको छ।

# जीर्ण फुसको घरमा कष्टकर जीवन बिताउँदै मण्डल परिवार



**विजयकुमार साह**

ढल्केबर, २५ जेठ। धनुषाको सबैला नगरपालिका–५, मखनाहा टोलका ४८ वर्षीय प्रगास मण्डलको परिवार गरिबीका कारण कष्टकर जीवन बिताउन बाध्य छ। एक धुर जग्गामा बनेको जीर्ण फुसको घरमा बसोबास गर्दै आएको यो परिवार सुरक्षित आवास र दैनिक गुजाराको समस्यासँग जुधिरहेको छ। खर र बाँसले बनेको घरको छानो विभिन्न ठाउँबाट भत्किएको छ भने वर्षाको पानी रोक्न प्लास्टिकको त्रिपालले छोपिएको छ। घरका भित्ताहरू चर्किएका छन् र कतिपय भाग भासिँदै गएका छन्। वर्षाको समयमा घरभित्र बस्दा पनि भिज्नुपर्ने अवस्था रहेको मण्डलले बताउनुभयो।

दैनिक मजदुरी गरेर जीविकोपार्जन गर्दै आएका मण्डल बिहान सबेरै कामको खोजीमा निस्कनुहुन्छ र साँझ अबेर मात्र घर फर्कनुहुन्छ। दिनभरको कमाइले परिवारको छाक टार्नसमेत कठिन हुने गरेको उहाँले बताउनुभयो। मण्डलले भन्नुभयो, "दिनभरि पसिना बगाएर मजदुरी गर्छु, तर कमाइले घर खर्च पनि पुग्दैन। श्रीमती बिरामी भएर थला पर्नुभएको छ औषधी किन्नसमेत पैसा छैन।"

उहाँकी श्रीमती लामो समयदेखि बिरामी रहेको र आर्थिक अभावका कारण नियमित उपचार गराउन नसकेको उहाँले बताउनुभयो। उहाँले दुई छोरी र एक छोरा रहेको बताउँदै आर्थिक अभावकै कारण तीन वर्षअघि बिरामी अवस्थामा रहेको जन्मजात एक छोरा गुमाउनुपरेको दुःख सुनाउनुभयो। उहाँले भन्नुभयो, "छोरा बिरामी पर्दा धेरै ठाउँमा सहयोग माग्यौं, तर समयमा पैसा जुटेन। उपचार गराउन नसक्दा आफ्नै आँखाअगाडि छोरा गुमाउनुपर्‍यो।"

स्थानीय युवा अमरुल राइनले मण्डलको परिवार वर्षौंदेखि कष्टकर जीवन बिताउँदै आएको बताउनुभयो। जीर्ण घर, बिरामी श्रीमती र आर्थिक अभावमा रहेको यो परिवारलाई सहयोगको आवश्यकता रहेको उहाँले जानकारी दिनुभयो। उहाँले स्थानीय सरकार तथा सरोकारवाला निकायले सुरक्षित आवास, स्वास्थ्य उपचार र जीविकोपार्जनका लागि सहयोग गर्नुपर्ने बताउँदै राज्यले विपन्न परिवारका लागि विभिन्न कार्यक्रम सञ्चालन गरे पनि मण्डलजस्ता परिवारसम्म ती सेवा पुग्न नसकेको बताउनुभयो।

# वीरगन्जका मेयर राजेशमान सिंहसहित सातजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**तिवारी यादव**

वीरगन्ज, २५ जेठ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले वीरगन्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहसहित सातजनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अरूको छोरीलाई आफ्नी छोरी दाबी गरी भुटो विवरणका आधारमा नेपाली नागरिकता दिलाएको आरोपमा अख्तियारले सोमबार विशेष अदालतमा मुद्दा दायर गरेको हो। नगरप्रमुख सिंहले सिन्धुपाल्चोकको इन्द्रावती गाउँपालिका- १० की रिता भट्टराईकी छोरी रुबिना भट्टराईलाई रुबिना श्रेष्ठ बनाएर नागरिकता दिलाएको बताइएको छ।



०७१ कात्तिक २० गते वीरगन्ज–३ को कार्यालयमा रुबिना श्रेष्ठको भुटो विवरण राखी जन्मदर्ता प्रमाणपत्र बनाइएको र सोही जन्मदर्ता प्रमाणपत्रका आधारमा वडाबाट सिफारिस गराई जिल्ला प्रशासन कार्यालय पर्साबाट ०७५ साउन १३ गते नागरिकता जारी गरिएको आरोपपत्रमा उल्लेख छ। अख्तियारले नगरप्रमुख सिंह र बालिकाकी आमा रिता भट्टराईलाई यो अवैध काम गराउन मुख्य सहयोगी (मतियार) बनेको अभियोग लगाएको छ।

त्यसैगरी, तत्कालीन वडासचिव भिखारी राय र तत्कालीन वडासदस्य एवं कार्यवाहक वडाध्यक्ष तैफुल अख्तर ठकुराईमाथि जानी–जानी गलत सरकारी कागजात (जन्मदर्ता र नागरिकता सिफारिस) तयार पारेको अभियोग छ। गलत विवरणका आधारमा नागरिकता जारी गर्ने प्रक्रियामा संलग्न रहेको भन्दै जिल्ला प्रशासन कार्यालय, पर्साका तत्कालीन प्रशासकीय अधिकृत षडकुमार पोखरेललाई पनि प्रतिवादी कायम गरिएको छ।

गृह मन्त्रालयका (छानबिन समितिका संयोजक र सदस्य) तत्कालीन उपसचिव पुस्कर राना र शाखा अधिकृत पर्शुराम पोखरेलविरुद्ध पनि मुद्दा दायर गरिएको छ। उनीहरूले गैरकानुनी तवरबाट नागरिकता दिलाएको सम्बन्धमा गृह मन्त्रालयबाट गठित छानबिन समितिमा रही गलत व्यहोराको प्रतिवेदन तयार गरेको उल्लेख छ।

भ्रष्टाचार मुद्दा दायर भएपछि जनप्रतिनिधि स्वतः निलम्बनमा पर्ने कानुनी प्रावधान छ।

# संघ सरकारबाट प्रदेशलाई जाने अनुदान कर्णाली र मधेशलाई सबैभन्दा बढी

काठमाडौं, २५ जेठ। आगामी आर्थिक वर्ष २०८३/८४ का लागि संघ सरकारबाट प्रदेशलाई जाने अनुदानतर्फ कर्णाली र मधेश प्रदेशलाई सबैभन्दा बढी रकम छुट्याइएको छ। विकास सूचकांकमा पछाडि रहेका यी दुई प्रदेशले संघीय अनुदान बढी पाएका हुन्। अन्तर सरकारी वित्तीय हस्तान्तरण (प्रदेश र स्थानीय तह) २०८३/८४ अनुसार आगामी आर्थिक वर्षका लागि चार खर्ब २४ अर्ब २७ करोड ७४ लाख विनियोजन भएको छ।

जसमध्ये स्थानीय तहलाई तीन खर्ब १४ अर्ब ६३ करोड ३९ लाख र स्थानीय तहलाई एक खर्ब नौ अर्ब ६५ करोड ३५ लाख बराबर हो। संघ सरकारले प्रदेश र स्थानीय तहलाई समानीकरण, ससर्त, विशेष र समपूरक शीर्षकमा यो अनुदान दिएको हो। प्रदेशका लागि विनियोजन भएको अनुदान रकममा सबैभन्दा बढी मधेश प्रदेशलाई १७ अर्ब ५९ करोड ८७ लाख विनियोजन भएको छ। कर्णाली प्रदेशका लागि १७ अर्ब २० करोड ८२ लाख विनियोजन भएको छ।

कोशी प्रदेशका लागि १६ अर्ब ४७ करोड १० लाख, बागमतीका लागि १५ अर्ब २१ करोड ४८ लाख, गण्डकीका लागि १२ अर्ब ७२ करोड ८५ लाख, लुम्बिनीका लागि रु १४ अर्ब ४१ करोड ७६ लाख र सुदूरपश्चिमका लागि रु १६ अर्ब एक करोड ४७ लाख विनियोजन भएको छ। आगामी आर्थिक वर्षका लागि संघीय सरकारबाट प्रदेश र स्थानीय तहलाई जाने अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकममध्ये समानीकरण अनुदान रु ६१ अर्ब ५० करोड ३२ लाख र सशर्त अनुदान रु ३९ अर्ब ७२ करोड ७४ लाख रहेको छ।

विशेष अनुदानतर्फ रु तीन अर्ब ८२ करोड ११ लाख र समपूरक अनुदातर्फ रु चार अर्ब ६० करोड १८ लाख विनियोजन भएको छ।

## *सिराहामा विवादपछि ...*

अर्का आकांक्षी पक्षको आरोप छ। लोकतान्त्रिक प्रक्रियाबाट नेतृत्व छनौट गर्ने भन्दै उद्घाटन अगावै उम्मेदारी दर्ता गर्न लगाएर बन्दसत्र नै नगरी सहमतिको प्रयासको नाममा आफू अनुकूलको नेतृत्व चयन गर्न खोजिएपछि विवाद भएको उनीहरुको आरोप छ। जिल्ला सभापतिका लागि मैनालीसहित सुभाष यादव र रामसोगारथ आकांक्षी थिए।

**नेतृत्व चयनको प्रकृया नै उल्टो**

अधिवेशनमा सहभागी एक पालिका सभापतिका अनुसार अधिवेशनको उद्घाटन सत्रपछि बन्द सत्र संचालन गर्ने, त्यसमा पार्टीको संगठनात्मक प्रगतिसहित आगामी योजनाको विषयमा छलफल र सहमतिपछि मात्र भावी नेतृत्वको विषयमा छलफल गरिनुपर्ने सामान्य प्रकृया उल्टएर उद्घाटन अगावै उम्मेदवारी दर्ता गराएपछि विवाद भएको हो। 'उद्घाटन सत्र नहुँदै उम्मेदवारी दर्ता गरियो, नयाँ दल त्यसमा पनि सत्तारुढ पार्टी भएकाले स्वाभाविक रुपमा आकांक्षीहरु बढ्न पुगे' नाम उल्लेख नगर्ने शर्तमा उनले भने 'उम्मेदवारी दर्ता गरेको आकांक्षीले बन्द सत्र नै नगरी फिर्ता लिन मान्छन् त ?'

रास्वपाको विधान अनुसार जिल्ला कार्यसमितिमा सभापति, उपसभापति, सचिव र सहसचिव एक/एक जना तथा पाँच जना समावेशी सदस्य रहन्छन्। एक कोषाध्यक्ष र थप दुई सदस्य जिल्ला सभापतिले मनोनित गर्न पाउने व्यवस्था छ। रास्वपाको सिरहा जिल्ला कार्यसमितिका लागि सभापतिमा तीन, उपसभापति र सचिवमा चार/चार, सहसचिवमा ६ तथा सदस्यमा २७ आकांक्षीहरुको उम्मेदवारी परेको निर्वाचन समितिले जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह–सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकारः** कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले–आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)